# मेचीनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
कोशी प्रदेश, नेपाल

प.सं- ०८३/८४( सामाजिक विकास शाखा)
च.नं-

मिति: २०८३/०४/२८ गते

**विषय- वैदेशिक श्रोतबाट संचालित गैर सरकारी संस्थाहरूको बार्षिक समीक्षा कार्यक्रम सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस मेचीनगर नगरपालिकाको कार्यक्षेत्रभित्र रही शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, युवा, अपाङ्गता, सामाजिक समावेशीकरण, वातावरण लगायत अन्य सामाजिक क्षेत्रमा गैर नाफामूलक उद्देश्य राखि सार्वजनिक हितका लागि विभिन्न परियोजना तथा कार्यक्रम सञ्चालन गर्दै आएका वैदेशिक श्रोतबाट संचालित गैर सरकारी संस्थाहरूको आ.ब. २०८२/ ०८३ मा संचालित बार्षिक कार्यक्रम तथा गतिविधिहरूको समीक्षा गर्नुपर्ने भएकोले देहाए बमोजिमको विवरण सहित समीक्षा कार्यक्रममा ( हार्ड कपि र सफ्ट कपिसहित ) उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ ।

**<u>प्रस्तुत गर्नुपर्ने विवरणहरू:</u>**

- संस्थाको संक्षिप्त परिचय
- २०८२/ ०८३ को स्वीकृत बजेट/ कार्यक्रम
- आ.व ८२/ ८३ मा सञ्चालन गरिएका कार्यक्रमहरू
- कार्यक्रमको भौतिक तथा वित्तीय प्रगतिको अवस्था
- मुख्य उपलब्धिहरू
- कार्यक्रम कार्यान्वयनको क्रममा देखिएका समस्या तथा चुनौती
- आगामी वर्षका लागि प्रस्तावित बजेट , कार्यक्रम तथा योजना

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**<u>कार्यक्रम सम्वन्धी विवरण</u>**

**मिति: २०८३/०५/०४ गते, विहिबार**
**स्थान: मेचीनगर नगरपालिकाको सभाहल**
**समय: बिहान १० बजे**

**पुनश्च:** बार्षिक समीक्षामा उपस्थित नहुने र प्रतिवेदन पेश नगर्ने कुनै पनि गैरसरकारी संस्थालाई नगरपालिकाले आगामी बार्षिक बजेट, कार्यक्रम तथा परियोजनाका लागि स्वीकृति प्रदान गर्न बाध्य हुनेछैन । साथै अन्य गैर सरकारी संस्थाहरूले पनि आफ्नो संस्थाको बार्षिक प्रगती प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र अनिवार्य रुपमा यस नगरपालिकाको सम्बन्धित शाखामा पेश गर्नु हुन यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**बोधार्थ:- श्री सूचना प्रविधि शाखा: वेबसाईट र फेसबुक पेजमा अपलोड गर्नुहुन ।**

फोन :- ०२३५६ ८०७७, ~~५६२२९२~~, ~~५६२२२३~~, ~~५६२४२०~~, वारुणयन्त्र :- ०२३-५६६५०४
*website : www.mechinagarmun.gov.np, email : mechinagarmun@gmail.com*